# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लालबन्दी, सर्लाही/प्रदेश नं. २, नेपाल

# विभिन्न कृषि सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

प्रथम पटक प्रकासित मिति : २०८०/१२/०१

यस नगरपालिकाको आ.ब.२०८०/०८१ को कृषि विकास कार्यक्रम तर्फ तरकारी पकेट विकास कार्यक्रम संचालनका लागि विभिन्न कृषि सामाग्रीहरु ( तरकारीको बीउ, प्लाष्टिक टनेल, ग्रिन नेट, मल्चिङ प्लाष्टिक, नेटिङ, जैविक मल, जैविक विषादी, स्प्रे टंकी) शिलबन्दी दरभाउ-पत्रको माध्यमवाट खरिद गरि वितरण गर्नु पर्ने भएकोले प्रति एकाइ के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? नेपाल सरकारबाट सम्बन्धित कार्यको लागि इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका, इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु :

१. यो सुचना प्रकाशित भएको मितिले १५औं दिन (२०८०।१२।१५) भित्र माथिको कार्यको लागि इजाजत प्राप्त भई नविकरण भएको इच्छुक फर्म, कम्पनी, सप्लार्यस वा निजको प्रतिनिधिले निवेदनका साथ आयकर दर्ता प्रमाणपत्र आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण-पत्र र मूल्यअभिबृद्धि कर प्रमाणपत्रको प्रतिलिपि साथै राखी दरभाउ पत्र दस्तुर रु.१,०००।- (पछि फिर्ता नहुने गरि) यस कार्यालयको राजश्व शाखामा जम्मा गरि वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १२८०१००३०१०१०००२ मा नगदै रकम जम्मा गरेको सक्कलै भौचर पेश गरि कृषि विकास शाखाबाट दरभाउ(पत्र फारम प्राप्त गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रको हकमा सुचना प्रकाशित भएको मितिले १६औं दिन (२०८०।१२।१६) को १२:०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा दर्ता हुन आएका दरभाउ-पत्रहरु खोलिनेछ ।

३. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. धरौटी वापतको रकम लालबन्दी नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, शाखा लालबन्दीमा रहेको धरौटी खाता नं.१२८०१००३०३००००२ मा नगदै वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ४५ दिनको बैंक जमानत सिलवन्दी दरभाऊपत्र साथ पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्रमा अंक र अक्षरमा दररेट र जम्मा रकम स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. दरभाउपत्र फारममा उल्लेख भएको सामानको कार्यालयले आवश्यकता अनुसारको परिमाणको लागि कार्यदेश दिनेछ र स्वीकृत दरभाउपत्र दताले सोही अनुसारको परिमाणमा सामान उपलब्ध गराउनु पर्नेछ ।

८. दरभाउपत्रदाताहरुबाट पेश भएको दरभाउपत्र कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

कार्यको विवरण :

| दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान रकम रु. | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| SQ-01-2080/081 | विभिन्न कृषि सामाग्रीहरु खरिद (तरकारीको बीउ, प्लाष्टिक टनेल, ग्रिन नेट, मल्चिङ प्लाष्टिक, नेटिङ, जैविक मल, जैविक विषादी, स्प्रे टंकी) | १९,००,०००/- | १,०००।- | ४८,०००।- |

- प्रमुख प्रशासकीय अधिकृत

ा, मुद्रक : परिचर्चा प्रिन्टिङ्ग प्रेस, हरिवन, प्रकाशक तथा कार्यकारी सम्पादक : डुकुप्रसाद कोइराला, सम्पादक : स्वस्तिमा अधिकारी